**नेपाली / *NEPALI***

मिति: फेब्रुअरी ११, २०२४

लागि: *FP&M* कर्मचारीहरू, *University of Wisconsin - Madison*

बाट: Mike Pieper, परिसरहरूको संयुक्त उपाध्यक्ष, *University of North Dakota*

विषय: एक पानाको व्यक्तिगत बयान – *Physical Plant* को सहायक उपकुलपतिको अन्तर्वार्ता

*Physical Plant* को सहायक उपकुलपतिको कार्यपदको अन्तर्वार्ता अवसरको लागि धन्यवाद।

म ला क्रस, *WI* बाहिरको मेरो परिवारको दुधदही फार्ममा हुर्के। हाई स्कूलको स्नातक पछि मैले संगठनात्मक उद्देश्यहरू प्राप्त गर्न मानव र भौतिक स्रोतसाधनहरूको उपयोगमा *undergraduate* तह र शैक्षिक संस्थाहरूको संगठन बुझ्नका लागि *graduate* डिग्री केन्द्रित कार्यक्रममा *University of Wisconsin-Whitewater* मा भर्ना भएँ।

पढाइ पछि मैले आर्थिक, सञ्चालन र सुविधा विभाजनहरूको प्रमुख कार्यकारी कार्यपदहरूमा सरकारी क्षेत्रमा धेरै वर्ष बिताएँ। मैले सरकारी क्षेत्रका ग्राहकहरूलाई उच्च प्रदर्शन गर्ने भवनहरू, दिगोपन र सामुदायिक संलग्नता समावेश गरी दीर्घकालीन सुविधासम्बन्धी समाधानहरू विकास गर्न सहयोग गर्ने *fortune fifty* कम्पनीको लागि निजी क्षेत्रमा पनि काम गरेको छु।

पछिल्ला सात वर्षदेखि म *University of North Dakota* परिसरहरूको संयुक्त उपाध्यक्षको रूपमा कार्यरत छु। म मर्मत र सञ्चालन, क्याम्पस नवीकरण सेवाहरू, बिजुली, पानी, आदि जनोपयोगी सेवा र ऊर्जा व्यवस्थापन, दिगो विकास, ठाउँ व्यवस्थापन, घर जग्गा, पार्किङ्ग, यातायात, योजना, डिजाइन र निर्माणको क्षेत्रमा निरीक्षण र नेतृत्व प्रदान गर्दछु।

मलाई उच्च शिक्षा, विशेष गरी परिसर व्यवस्थापनमा काम गर्न रमाइलो लाग्दछ। मेरो पेशागत लक्ष्य शैक्षिक उत्कृष्टता र नवीन अनुसन्धानको लागि विश्वव्यापी प्रतिष्ठाको एक प्रमुख, जमिन पाएको विश्वविद्यालयको लागि काम गर्नु हो। म एक अभिनव अगुवा हुँ र धेरै समूहहरूलाई असर गर्ने जटिल समस्याहरूको समाधान खोज्नमा अरूलाई संलग्न गराउन प्रेरित छु। म विश्वास गर्दछु कि मेरो व्यावसायिक सफलता मेरो व्यक्तिगत र समूह उत्कृष्टतालाई प्रोत्साहन गर्न भिन्नताहरू, योगदानहरू र बलहरूमा ध्यान केन्द्रित गर्ने क्षमताबाट आएको हो।

म परिवार र साथीहरूसँग नजिक हुन विस्कन्सिनमा पुन: स्थानान्तरण गर्ने अवसरलाई स्वागत गर्दछु। म्याडिसन क्षेत्र र यसको जीवनको गुणस्तर र दीर्घकालीन आर्थिक दृष्टिकोणको कारण विशेष गरी आकर्षक छ। थप रूपमा, म "विश्वविद्यालय शहर" को फाइदाहरूको चाहना गर्दछु।

म विश्वस्त छु कि म *UW* समुदायको सहकार्य र उत्पादक सदस्य हुन सक्दछु र सबैलाई उच्च गुणस्तरको क्याम्पस अनुभव प्रदान गर्न सहयोग गर्न सक्दछु। यदि तपाईंसँग कुनै प्रश्नहरू छन् वा थप जानकारी चाहनु हुन्छ भने कृपया मलाई सम्पर्क गर्नुहोला।

सम्मानपूर्वक,

Michael Pieper